



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

**देशको आर्थिक सामाजिक विकासमा ६० वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.**

वर्ष ३३ अंक ०५ मंसिर २०८२ Year 33 Vol 05 Nov./Dec. 2025


## राष्ट्रिय वाणिज्य बैंकद्वारा 'Business Meet 2082' सम्पन्न

**काठमाडौं, मंसिर २१**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले आफ्ना देशभरका कर्जा लगानी तथा निक्षेप संकलनमा उल्लेखनीय भूमिका निर्वाह गर्ने ६७ वटा शाखा कार्यालयहरूको 'Business Meet 2082' गत मंसिर १८ र १९ गते चितवनको सौराहामा सम्पन्न गऱ्यो। बैंक सञ्चालक समितिका अध्यक्ष देव कुमार ढकालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा हालको बैंकिङ बजारको आवश्यकता पहिचान तथा बैंकको तर्फबाट निभाउनुपर्ने भूमिकाहरू सम्बन्धमा बृहत अन्तक्रिया गरिएको थियो। उक्त कार्यक्रममा बैंकका




कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्दै हाल बैंकमा प्रचुर मात्रामा रहेको निक्षेपलाई गुणात्मक कर्जाको रूपमा कसरी सदुपयोग गर्न सकिन्छ भन्ने सन्दर्भमा प्रत्येक शाखाहरूद्वारा सम्भावित ग्राहकहरूको अवस्था सहित आ-आफ्ना कार्ययोजना पेश गरिएको थियो। कार्यक्रममा बैंक सञ्चालक समितिका अध्यक्षले बैंकले व्यवसाय विस्तार योजनामा विशेष महत्वका साथ लाग्नुपर्ने र क्षेत्रगत सम्भावनालाई समेटेर व्यवसाय योजना बनाउनुपर्ने निर्देशन दिनुभयो। सरकारी बैंकको रूपमा हामीलाई हेर्ने दृष्टिकोणमा थप सकारात्मक बनाउनुपर्ने साथै सेवा प्रवाह चुस्त दुरुस्त गर्नुपर्ने निर्देशन दिनुभयो।

कार्यक्रममा बैंकका सञ्चालक समिति सदस्य श्री हरि कुमार सिलवालले हाल बैंकको मानव संसाधन युवा र उर्जावान रहेको धारणा व्यक्त गर्नुहुँदै यसलाई व्यवसाय विस्तारको अवसरमा बदल्न निर्देशन दिनुभयो। त्यसैगरी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री देवेन्द्र रमण खनालले हाल बैंकमा रहेको निक्षेपलाई अवसरको रूपमा सदुपयोग गरी कसरी गुणात्मक कर्जा वृद्धिमा

बाँकी पृष्ठ ४ मा

## वरिष्ठ प्रबन्धकहरूको लागि तनाव व्यवस्थापन तथा उत्प्रेरणा तालिम सम्पन्न



**काठमाडौं, मंसिर २८**

राष्ट्रिय वाणिज्य बैंकद्वारा वरिष्ठ प्रबन्धकहरूको लागि तनाव व्यवस्थापन तथा उत्प्रेरणा तालिम प्रदान गरिएको छ। मंसिर २६ र २७ गते नगरकोटमा सम्पन्न उक्त कार्यक्रममा बैंकका ३३ जना वरिष्ठ प्रबन्धकहरूको सहभागिता रहेको थियो। तालिममा प्रशिक्षार्थीहरूलाई समसामयिक बैंकिङ सवाल तथा चुनौतीहरूका बारेमा प्रशिक्षण दिइएको थियो। ■




# प्रमुख कार्यकारी अधिकृतको सन्देश



**देवेन्द्र रमण खनाल**
प्रमुख कार्यकारी अधिकृत

सम्पूर्ण कर्मचारी मित्रहरू, ग्राहकवर्ग एवं सरोकारवालाहरूमा हार्दिक नमस्कार, मुलुकमा पछिल्लो समयको राजनीतिक परिवर्तन र अन्यौलतासँगै आर्थिक गतिविधिमा सुस्तता आउँदा बैंकिङ क्षेत्रमा त्यसको प्रत्यक्ष प्रभाव देखिएको छ। यद्यपि सरकार तथा नियामकीय निकायले अर्थतन्त्रलाई सुदृढ तुल्याउन हरतरहले प्रयास गरिरहेका छन् । राष्ट्रिय वाणिज्य बैंक यस किसिमका नीतिगत प्रयासको कार्यान्वयन गर्न र आवश्यक भूमिका खेल्न तयार रहेको छ ।

कर्मचारी मित्रहरू, वर्तमान समयमा बजारमा पर्याप्त लगानीयोग्य रकम (Excess Liquidity) उपलब्ध छ, जुन हाम्रा लागि व्यवसाय विस्तारको ठूलो अवसर हो। तर, हामीले के बुझ्न जरुरी छ भने प्रतिफल दिन नसक्ने निक्षेपले संस्थालाई भार मात्र थप्छ। त्यसैले, अबको हाम्रो ध्यान सङ्ख्यात्मक वृद्धिमा मात्र नभई 'गुणस्तरीय व्यवसाय' (Quality Business) मा केन्द्रित हुनुपर्छ। हाम्रा सबल पक्षहरूलाई अझ उचाइमा पुऱ्याउँदै पहिचान गरिएका कमजोरीहरूलाई सुधारको अवसरका रूपमा लिएर हामी अगाडि बढ्नुपर्दछ।

हाम्रो कार्यसम्पादनलाई आधुनिक र प्रभावकारी बनाउन कर्जा स्वचालित प्रणाली (Loan Automation System – LAS) को अनिवार्य कार्यान्वयनतर्फ लाग्नुपर्छ। कर्मचारीको क्षमता अभिवृद्धि नै बैंकको प्रगति हो, त्यसैले शाखा प्रबन्धकहरूले आफ्ना कार्यालयहरूमा आपसी समन्वय र 'सिक्ने-सिकाउने' वातावरण निर्माण गर्न विशेष भूमिका खेल्नुपर्छ। शाखामा कार्यभार सन्तुलन (Workload Balance) मिलाउने र उपलब्ध स्रोत-साधन एवं खरिद गरिएका सामानहरूको मितव्ययी र अधिकतम सदुपयोग गर्ने जिम्मेवारी हामी सबैको हो। संस्थागत डाटाबेसको सही विश्लेषण र सामूहिक कार्य (Teamwork) बाट मात्र हामीले प्रतिस्पर्धी बजारमा अग्रता हासिल गर्न सक्छौँ।

कर्मचारी साथीहरू, हाम्रो सेवाको गुणस्तर हाम्रो बोली, वचन र व्यवहारबाट झल्किन्छ। ग्राहकसँगको हरेक संवादमा शिष्टता र सेवा प्रवाहमा चुस्तता ल्याउन हामी विशेष आग्रह गर्न चाहन्छौं। आगामी दिनमा हाम्रो कार्यसम्पादन व्यवस्थापन प्रणाली (Performance Management System) लाई अझ बढी वस्तुनिष्ठ, पारदर्शी र नतिजामुखी बनाउनेछौं, जसले गर्दा हरेक कर्मचारीको वास्तविक योगदानको सही मूल्याङ्कन हुनेछ। हामी केवल कर्मचारी मात्र होइनौँ, समाजको आर्थिक मेरुदण्डका सारथि पनि हौँ, हामी हाम्रो रोजगारीका लागि होइन समग्र देशमा उत्पादन, रोजगारी र आय वृद्धि गरि आर्थिक रूपमा सबल र सक्षम अर्थतन्त्र निर्माणमा वर्तमान र भावी पुस्ताको चाहना बमोजिम बैंकिङ सेवा प्रवाह गर्न प्रतिबद्ध हुनुपर्छ भन्ने भावनाका साथ जनसेवामा समर्पित हुन सबैलाई हार्दिक अपिल गर्दछु।

हाम्रा आदरणीय ग्राहकवर्गले बैंकप्रति देखाउनुभएको माया, सदभाव र विश्वासलाई हामी कर्मचारी साथीहरूले गहन रूपमा बुझ्नेछौं र तदनुरूप मिहिनेतका साथ सेवा प्रवाहमा खटिई वहाँहरूको सन्तुष्टीमा कमी आउन दिने छैनौं। हामी सबैको सामुहिक प्रयास, सक्रियता र योगदानले बैंकलाई अझ नयाँ उचाईमा पुऱ्याउनेछ भन्नेमा म पूर्ण विश्वस्त छु। धन्यवाद! ■

# राष्ट्रिय वाणिज्य बैंकद्वारा पुरस्कार वितरण कार्यक्रम सम्पन्न




**काठमाडौं, मंसिर २१**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व. २०८०/८१ का लागि गत माघ १० गते घोषणा गरिएको सर्वोत्कृष्ट बैंक पुरस्कार तथा बैंक सेवा पुरस्कार वितरण यही मंसिर १९ गते चितवनको सौराहामा एक समारोहको आयोजना गरी सु-सम्पन्न भयो। बैंक सञ्चालक समितिका अध्यक्ष श्री देव कुमार ढकालको अध्यक्षतामा आयोजना भएको उक्त कार्यक्रममा सर्वोत्कृष्ट बैंक पुरस्कार प्राप्त गर्ने एक जना र बैंक सेवा पुरस्कार प्राप्त गर्ने प्रादेशिक प्रबन्धकहरू सहित चालिस जना कर्मचारीहरूलाई पुरस्कार प्रमाण-पत्र र नगद पुरस्कार सहित सम्मान गरिएको थियो। उक्त अवसरमा सर्वोत्कृष्ट तथा उत्कृष्ट कार्यसम्पादन गर्ने शाखा कार्यालहरूलाई समेत प्रमाण-पत्र र नगद पुरस्कार सहित सम्मान गरिएको थियो।

कार्यक्रममा बैंक सञ्चालक समितिका अध्यक्ष श्री देव कुमार ढकालले सर्वोत्कृष्ट तथा उत्कृष्ट कार्यसम्पादन गर्ने तथा पुरस्कार प्राप्त गर्ने कर्मचारीहरूलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै आफ्नो उत्कृष्टतालाई निरन्तरता दिन आग्रह गर्नुभयो। सोही कार्यक्रममा बैंक सञ्चालक समिति सदस्य श्री हरि कुमार सिलवालले सम्पूर्ण पुरस्कृत कर्मचारीहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्दै पुरस्कारले कर्मचारीलाई उत्प्रेरित गर्ने धारणा राख्नुभयो। कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री देवेन्द्र रमण खनालले पुरस्कृत सबै कर्मचारीहरूमा बधाई तथा शुभकामना व्यक्त गर्दै पुरस्कारको लागि कर्मचारी छनौट गर्दा कार्यसम्पादन व्यवस्थापन प्रणालीलाई आधार बनाई उत्कृष्ट कार्यसम्पादन भएका कर्मचारी छनौट गर्ने विधि र पद्धती बमोजिम सर्वोत्कृष्ट र उत्कृष्ट कर्मचारीहरू छनौट गरिएको बताउनुभयो।

पुरस्कार वितरण कार्यक्रममा बैंकमा क्रियाशिल ट्रेड यूनियनहरूलाई प्रतिनिधित्व गर्दै राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका उपाध्यक्ष श्री लक्ष्मी ज्ञवाली, नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका अध्यक्ष श्री इश्वर बहादुर सिंह र नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका कार्यवाहक अध्यक्ष श्री चूडामणि गुप्ताले पुरस्कृत कर्मचारी तथा शाखा कार्यालयलाई बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो। कार्यक्रममा पुरस्कृत कर्मचारीहरूको तर्फबाट मुख्य प्रबन्धक श्री दामोदर ज्ञवाली र प्रबन्धक दुर्गादेवी तिमल्सिना तथा शाखा कार्यालयहरूको तर्फवाट सर्वोत्कृष्ट शाखा कार्यालय वानेश्वरका शाखा प्रबन्धक श्री प्रद्युम्न कार्कीले धन्यवाद तथा प्रतिबद्धता मन्तव्य राख्नु भएको थियो।

पुरस्कृत कर्मचारी तथा शाखा कार्यालयहरूलाई बैंकका नायव प्रमुख कार्यकारी अधिकृत श्री देवश प्रसाद लोहनी, उपकार्यकारी अधिकृतहरू श्री पवन रेग्मी, श्री विनयरमण पौडेल, श्री दुर्गा कुमारी कंडेल र श्री राम कुमार थापाले बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो। कार्यक्रममा ब्राञ्च अपरेशन विभागका विभागीय प्रमुख श्री आनन्द सुबेदी, मानव संशाधन विभागका विभागीय प्रमुख श्री भिम प्रसाद घिमिरे, कम्पनी सचिव श्री प्रमोद अधिकारी, बैंकका प्रादेशिक प्रबन्धकहरू लगायतको उपस्थिति रहेको थियो। ■

## महाधिवेशनको तयारीमा जुटे दुई कर्मचारी युनियनहरू

**काठमाडौं, मंसिर २८**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालले आफ्नो बाह्रौं महाधिवेशन आउँदो पौष ११ र १२ गते बाँकेको नेपालगञ्जमा आयोजना गर्ने भएको छ । उक्त महाधिवेशनबाट केन्द्रिय समितिमा रहने पदाधिकारी चयन हुने जनाईएको छ।

त्यसैगरी नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले आफ्नो एघारौं महाधिवेशन आउँदो पौष १९ र २० गते चितवनको सौराहामा गर्ने भएको छ । उक्त महाधिवेशनबाट केन्द्रिय तथा प्रदेश स्तरका समितिहरूमा रहने पदाधिकारी चयन हुने जनाईएको छ। ■

## प्रभावकारी ग्राहक सेवा कक्ष व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न



**काठमाडौं, मंसिर २३**

राष्ट्रिय वाणिज्य बैंकद्वारा कर्मचारीहरूलाई प्रभावकारी ग्राहक सेवा कक्ष व्यवस्थापन सम्बन्धि तालिम प्रदान गरिएको छ। मंसिर २१ र २२ गते चितवनमा सम्पन्न उक्त तालिममा कोशी, मधेश र बागमती प्रदेश अन्तर्गतका विभिन्न शाखा कार्यालयहरूमा कार्यरत ४१ जना कर्मचारीहरूको सहभागीता रहेको थियो। यस अघि सोही विषयको तालिम धनगढीमा मंसिर ११ र १२ गते आयोजना गरिएको थियो जसमा कर्णाली र सुदूरपश्चिम अन्तर्गतका विभिन्न शाखा कार्यालयहरूमा कार्यरत ४९ जना कर्मचारीहरूको सहभागीता रहेको थियो। ■

## सार्वजनिक खरिद सम्बन्धी तालिम सम्पन्न



**काठमाडौं, मंसिर १४**

राष्ट्रिय वाणिज्य बैंकद्वारा कर्मचारीहरूलाई सार्वजनिक खरिद सम्बन्धी तालिम प्रदान गरिएको छ। काठमाडौंमा मंसिर १० गतेदेखि १२ गतेसम्म सञ्चालित उक्त तालिममा सामान्य सेवा विभागसहित विभिन्न विभागहरूका गरी २४ जना कर्मचारीहरूको सहभागीता रहेको थियो। उक्त तालिममा कर्मचारीहरूलाई सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद विनियमावली सम्बन्धि विषयमा प्रशिक्षण दिइएको थियो। ■

## विविध विषयमा तालिम सम्पन्न



**काठमाडौं, मंसिर १९**

राष्ट्रिय वाणिज्य बैंकद्वारा कर्मचारीहरूलाई विभिन्न विषयमा तालिम प्रदान गरिएको छ। बैंकद्वारा बर्दिवासमा मंसिर ११ र १२ गते आयोजना गरिएको एल.सि. सम्बन्धि तालिममा कोशी, मधेश र बागमती प्रदेश अन्तर्गतका विभिन्न शाखा कार्यालयहरूमा कार्यरत ३० जना कर्मचारीहरूको सहभागीता रहेको थियो।



त्यसैगरी बैंकको सिकाई तथा विकास विभाग दरबारमार्गको हलमा मंसिर १४ र १५ गते आयोजना गरिएको Credit Documentation & LAS सम्बन्धी तालिममा बागमती प्रदेश अन्तर्गतका विभिन्न शाखा कार्यालयहरूमा कार्यरत २१ जना कर्मचारीहरूको सहभागीता रहेको थियो।



त्यसैगरी बैंकद्वारा इटहरीमा मंसिर १५ र १६ गते आयोजना गरिएको सरकारी कारोबार सम्बन्धि तालिममा कोशी र मधेश प्रदेश अन्तर्गतका विभिन्न शाखा कार्यालयहरूमा कार्यरत ७२ जना कर्मचारीहरूको सहभागीता रहेको थियो। ■

# अन्तरबैंक फुटसल प्रतियोगितामा राष्ट्रिय वाणिज्य बैंक उप-विजेता




**काठमाडौं, मंसिर २२**

नेपाल राष्ट्र बैंक कर्मचारी संघ सिद्धार्थनगर समितिद्वारा आयोजित लुम्बिनी प्रदेश स्तरिय फुट्सल प्रतियोगितामा राष्ट्रिय वाणिज्य बैंकले द्वितीय स्थान हासिल गरेको छ। मंसिर १८ गतेदेखि २० गतेसम्म सञ्चालित उक्त प्रतियोगितामा राष्ट्रिय वाणिज्य बैंकको तर्फबाट सुजन ददेलले उत्कृष्ट खेलाडी र सर्वाधिक गोलकर्ताको उपाधी अकेश नेपालीले जित्न सफल भएका छन्। "एकता, खेल भावना र वित्तीय सचेतना" भन्ने नारासहित आयोजना गरिएको प्रतियोगितामा २४ टिमको सहभागिता रहेको थियो। ■




## विभागीय कारवाही

**मानव संसाधन विभागद्वारा २०८२ श्रावण देखि २०८२ मंसिरसम्म गरिएको विभागीय कारवाहीको विवरण :**

| क्र.सं. | कर्मचारीको नाम | कारवाही गर्नुपर्ने कारण | कारवाही |
|---|---|---|---|
| १. | अमृत के.सी. (१२२२३), उप-प्रबन्धक, शाखा कार्यालय, रामपुर | कर्मचारीहरूको CBS User दुरूपयोग गरी विभिन्न व्यक्तिहरूको नाममा शेयर डिम्याट खाता खोली दुरूपयोग गरेको। | भविष्यमा बैंकको सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाईएको। |
| २. | पुण्य प्रसाद अधिकारी (१०५२९), कार्यालय सहयोगी सहायक पाँचौं, शाखा कार्यालय, महाराजगंज | नेपाल सरकारबाट निवृत्तिभरण पाउने मृतक कर्मचारीको खाता दुरूपयोग गरेको। | भविष्यमा बैंकको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको। |

### राष्ट्रिय वाणिज्य बैंकद्वारा...

रूपान्तरण गर्ने र सेवा प्रवाहलाई चुस्त बनाउने सन्दर्भमा आफ्ना निर्देशनात्मक भनाइहरू राख्नुभएको थियो। हाल बैंकले कर्जाको गुणस्तरीयतातर्फ विशेष ध्यान दिइरहेको विषय अवगत गराउँदै शाखा प्रबन्धकहरूलाई कर्जा बिस्तार लक्ष्य अनुरूप गर्न र सेवाग्राहीप्रति गरिने बोली वचन र व्यवहार सकारात्मक बनाई सेवा प्रवाहमा गुनासो आउन नदिने वातावरण सृजना गर्न समेत निर्देशन दिनुभयो। गुणस्तरीय कर्जा विस्तारमा शाखा, प्रदेश तथा केन्द्रीय कार्यलयमा रहेका कर्मचारीहरूको क्षमता अभिवृद्धि तालिममा बैंकले विशेष जोड दिने स्पष्ट पार्नुभयो।

उक्त Business Meet कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत श्री पवन रेग्मीले सहजकर्ताको भूमिका निभाउनु भएको थियो भने औपचारिक कार्यक्रमको सञ्चालन विभागीय प्रमुख श्री आनन्द सुवेदीले गर्नुभएको थियो। बैंकका नायव प्रमुख कार्यकारी अधिकृत श्री देवेश प्रसाद लोहनीले स्वागत मन्तव्य राख्नु भएको उक्त कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृतहरू श्री विनय रमण पौडेल, श्री दुर्गा कुमारी कँडेल र श्री राम कुमार थापा, विभागीय प्रमुखहरू, प्रादेशिक प्रबन्धकहरू लगायतको उपस्थिति रहेको थियो। ■

## हार्दिक समवेदना

यस बैंकको शाखा कार्यालय जनकपुरका शाखा प्रबन्धक रन्जिता कुमारी (११५८४) का बुवा जयचन्द्र मिश्र र शाखा कार्यालय ठिमीमा कार्यरत वरिष्ठ सहायक करुणा श्रेष्ठ (१०८९१) की आमा कृष्ण कुमारी श्रेष्ठको केही समय पहिले निधन भएकोमा दिवंगत आत्माहरूको चिरशान्तिको कामनासहित हार्दिक समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक लि. परिवार

*प्रकाशक*
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फो नः ०१-५७२१२२०, Ext. २४२३
इमेल : rbbnl@rbb.com.np
वेबसाइटः www.rbb.com.np

*प्रमुख सल्लाहकार*
**देवेन्द्र रमण खनाल**
*प्रमुख कार्यकारी अधिकृत*

*सह-सम्पादक*
**रुद्रप्रसाद अधिकारी**

*सल्लाहकार*
**पवन रेग्मी**
*उप-कार्यकारी अधिकृत तथा सूचना अधिकारी*

*डिजाइन*
**यदु उपाध्याय**